नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय, सामान्य सेवा विभाग

**नेपाल बैंक लिमिटेडको प्रधान कार्यालय र प्रादेशिक कार्यालय प्रदेश नं १ मा सिभिल र इलेक्ट्रिकल कार्य गर्नको लागि बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७७/०४/१३)**

नेपाल बैंक लिमिटेडको प्रधान कार्यालय, धर्मपथ, काठमाण्डौं परिसर भित्र पार्किङ्ग क्षेत्रमा ब्लक छाप्ने तथा गाडी सफा गर्नको लागि Washing Plateform निर्माण कार्य गर्न र प्रादेशिक कार्यालय, प्रदेश नं १, विराटनगरको आफ्नो स्वामित्वमा रहेको जग्गामा कम्पाउण्डवाल तथा ATM Room निर्माण गर्न सिभिल तथा AC, CCTV सहितको इलेक्ट्रिकल नेटवर्किङ्ग निर्माण कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००० मा वा प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगरमा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागबाट वा प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगरबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौंमा र प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगरको लागि प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगरमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित धरौटी वापतको रकम यस बैंकको काठमाडौ बैंकिङ्ग अफिसको लागि खाता नं ००२००१०६७११२८००००००१ मा र प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगरको लागि प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगरमा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको 'क' वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तिम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अघिल्लो आर्थिक बर्ष सम्मको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभवको प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७७/०५/१० गते बुधवार कार्यालय समय भित्र ।
बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७७/०५/११ गते बिहिवार बिहान ११:०० बजे भित्र ।
बोलपत्र दाखिला गर्ने स्थान :- यस बैंकको प्रधान कार्यालयको लागि प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौंमा र प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगरको लागि प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगरमा बोलपत्र दाखिला गर्नु पर्नेछ ।

६) थप विवरण :-

| प्रधान कार्यालय वा शाखा/ बोलपत्र नं. | सम्फौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | बोलपत्र धरौटी वापत रकम | बोलपत्र फाराम प्राप्त गर्ने स्थान | बोलपत्र खोल्ने मिति, स्थान र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम |
|---|---|---|---|---|---|
| **प्रधान कार्यालय/** NBL/NCB12/ W077/78 | ४५ दिन | रु.१,०६,०००/- (अक्षरेपी एक लाख छ हजार मात्र) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं । | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं । मिति:-२०७७/०५/११ गते बिहिवार दिउँसो १२:३० बजे । | रु.४२,२७,७८४/-(अक्षरेपी बयालिस लाख सत्ताईस हजार सात सय चौरासी मात्र ।) |
| **प्रादेशिक कार्यालय प्रदेश नं १ /** NBL/NCB13/ W077/78 | ३० दिन | रु.६६,०००/- (अक्षरेपी छैसट्ठी हजार मात्र) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं वा प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगर । | ने.बै.लि. प्रादेशिक कार्यालय प्रदेश नं १, विराटनगर । मिति:-२०७७/०५/११ गते बिहिवार दिउँसो १२:३० बजे । | रु.२६३१,९१३/६०(अक्षरेपी छब्बीस लाख एकतिस हजार नौ सय तेह्र र पैसा साठी मात्र ।) |

नोट : दरभाउपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट दरभाउपत्र खोलिनेछ । यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np/noticeboard.html मा समेत हेर्न सकिने छ ।